"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No):
चलानी नं. (Reg. No):

मिति: २०७८।०३।०९

महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बागमती प्रदेश ललितपुर २०७३

## कोभिड-१९ का सङ्क्रमितहरुको उपचार व्यस्थापनसम्बन्धी सूचना

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाइको मिति २०७८।०३।०८, चलानी नं २०८० को पत्रबाट कोभिड-१९ उपचारका लागि तोकिएको सरकारी तथा सरकारले सेवा सम्झौता गरेका सबै निजी अस्पतालहरुमध्ये मिति २०७८।०३।०८ गतेसम्म भर्ना भई उपचाररत सङ्क्रमितहरुको दस दिनसम्मको मात्र नियमानुसार शोधभर्ना उपलब्ध गराउने गरी अब उप्रान्त सरकारी अस्पतालहरु, स्वास्थ्य प्रतिष्ठानहरु र मेडिकल कलेजहरुलाई मात्र कोभिड-१९ को अस्पतालका रुपमा तोकी उपचारको व्यवस्था मिलाइएको निर्णय सहितको जानकारी प्राप्त भएकाले यस महालक्ष्मी नगरपालिका र केयर एन्ड क्युर मल्टिस्पेसलिटी हस्पिटलसँग भएको सम्झौता मिति २०७८।०३।०९ गतेदेखि स्थगन भएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै यस नगरपालिका भित्रका कोभिड-१९ का सङ्क्रमितहरुको निःशुल्क उपचारको लागि तोकिएको अस्पतालसम्म यस नगरपालिकाबाट सञ्चालित २ वटा एम्बुलेन्सबाट निःशुल्क सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

**एम्बुलेन्सका लागि सम्पर्क नं**

| क स | एम्बुलेन्स चालकको नाम | सम्पर्क नं |
|---|---|---|
| १ | प्रल्हाद नेपाली मिजार | 9849495014 |
| २ | अशोक सार्की रोक्का | 9813343599 |

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई

Health Emergency and Disaster Management Unit (HEDMU)

स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र

Health Emergency Operation Center (HEOC)

फोन ०१-४२५०८४५
फ्याक्स ०१-४२५०८४[illegible]
रामशाहपथ, काठमाडौं
वेबसाइट: heoc.mohp.gov.np, फेसबुक: fb.com/HEOCMoHP

पत्र संख्या: ०७७/७८
च.नं. २०८०

मिति: २०७८/०३/०८

श्री सवै अस्पतालहरू ।

विषय: कोभिड-१९ का संक्रमितहरूको उपचार व्यवस्थापन सम्बन्धमा ।

कोभिड-१९ उपचारका लागि तोकिएका सरकारी तथा सरकारले सेवा सम्झौता गरेका सवै निजि अस्पतालहरू मध्य अब उपरान्त सरकारी अस्पतालहरू, स्वास्थ्य प्रतिष्ठानहरू र मेडिकल कलेजहरू लाई मात्रै कोभिड-१९ उपचारको अस्पतालका रूपमा तोकी सेवा प्रवाहको व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ । कोभिड-१९ को उपचारका लागि सेवा सम्झौता भएका निजि अस्पतालहरूमा आजसम्ममा भर्ना भई उपचाररत संक्रमितहरूको आजका मितिले दश दिनसम्मको मात्रै नियामानुसारको सोधभर्ना उपलव्ध गराईने व्यहोरा नेपाल सरकार (सचिवस्तर) मिति २०७८/०३/०८ को निर्णयानुसार अनुरोध छ । साथै सम्पूर्ण नीजी अस्पतालहरूलाई नेपाल सरकारले तोकेको दररेटभन्दा वढी शुल्क नलिई सेवा प्रवाह गर्नु गराउनु हुन अनुरोध गर्दै अन्यथा भएमा नियमानुसार हुने व्यहोरा जानकारी गराईन्छ ।

वोधार्थ:

श्री नीति, योजना तथा अनुगमन महाशाखा, स्वा. तथा ज. म. ।

श्री सामाजिक विकास मन्त्रालय, (सातै प्रदेश) ।

श्री स्थानीय तह (सबै)

डा. समिर कुमार अधिकारी
प्रमुख



मास्क लगाऔं



भौतिक दुरी कायम गरौं



बेलाबेलामा साबुनपानीले हात धोऔं

"जनस्वास्थ्यका मापदण्डहरुको कडा रुपमा पालना गरौं, गराऔं र कोभिडको संक्रमणबाट बचौं बचाऔं"